नेपाली महावाणिज्यदूतावास

न्युयोर्क, संयुक्त राज्य अमेरिका

CONSULATE GENERAL OF NEPAL

NEW YORK, UNITED STATES OF AMERICA

# सूचना

राहदानी वितरणमा केही समय ढिला हुनसक्ने सम्वन्धी जरुरी सूचना नेपाल सरकार, राहदानी विभाग, काठमाण्डौंले केही समय अघि राहदानीको मौज्दात कमी भएको कारण अन्तरिम व्यवस्थापन गर्नुपर्ने अवस्था उत्पन्न भएको कारण राहदानी उत्पादनमा कटौती गरेको थियो। यसका कारण यही २०२५ को सेप्टेम्वर, अक्टोवर र नोभेम्वर महिनामा राहदानी नवीकरणका लागि यस महावाणिज्यदूतावासमा प्राप्त आवेदनका अधिकांश राहदानीहरु तयार हुन साविकमा भन्दा केही समय बढी लाग्ने अवस्था उत्पन्न भएको थियो।

तथापी विभागले राहदानी आपूर्तिकर्ता कम्पनीसँग वार्ता गरी गत हप्ता देखि हाललाई राहदानीको प्रयाप्त मौज्दात सुनिश्चित गरेको छ। सो सँगै राहदानी उत्पादनमा विभागबाट गरिएको कटौती अन्त्य भएको छ। राहदानीको उत्पादन सूचारु भएसँगै यस महावाणिज्यदूतावासमा आवेदन दिई प्रिन्टिङ्गको चरणमा रहेका सेवाग्राहीका राहदानीहरु छिट्टै प्रिन्टिङ्ग भई नियोगमा पठाईने जानकारी समेत विभागबाट प्राप्त भएको छ।

तसर्थ सेप्टेम्वर, अक्टोवर र नोभेम्वर महिनामा आवेदन गर्नु भएका सेवाग्रहीका राहदानीहरु तयार भई आउने अझै केही हप्ता लाग्न सक्ने व्यहोरा सम्वन्धित सबैलाई सूचित गरिन्छ। साथै, विभागबाट राहदानीहरु तयार भई प्राप्त हुने बित्तिकै सो विवरण यस नियोगको फेसबुक पेज र वेभसाईटमा राखीने तथा हुलाकबाट राहदानी लिने सुविधाको छनौट गर्नु भएका सेवाग्राहीको राहदानी सम्वन्धित ठेंगानामा पठाईने व्यहोरा जानकारी गराईन्छ।

राहदानी तयारीमा भएको ढिलाईबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति नियोग क्षमाप्रार्थी छ।

धन्यवाद।

न्यूयोर्क, २०८२ मंसिर ९